# राष्ट्रिय गोष्ठी, धूमिल आँखा र गरिबी चश्मा

——— विर्ख छेत्री

*खुशीको खबर*

आज वातावरण रोमाञ्चकारी भएको छ,
यसैले रोम रोममा खुशी छाएको छ,
किनकि चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठी-
गरिबमुखी विकासको एउटा कोसेढुंगा नै भएर उभिएको छ ।
यतिखेर हामी उत्साहको यस्तो उन्मादमा छौं, कि
यहाँ ब्रम्हाजी नै आए पनि गरिवमुखी विकासको सङ्कल्प गराएरै छोड्छौं ।
यमराज नै आए पनि गरिबहरूको पक्षमा –
सकारात्मक विभेदको कसम ख्वाएरै छोड्छौं,
किनकि यो गोष्ठीमा हामीले,
गरीवहरूको भागवत पुराण नै सिर्जना गरेका छौं ।

*दुःखको कुरा*

यो खुशीयालीको आकाशमा उडिरहेको बेला –
मलाई एकतमासको खल्लो लागिरहेको छ ,
किनभने–
सम्मेलनको दीपज्योतिदेखि आरती र पूजा प्रसादको बेलासम्म,
हामीले सहभागिता, सुशासन, सहमति र समानताका गायत्री जपिरह्यौं,
सर्वसम्मतिले गरिबमुखी बिकासको भागवत पनि रच्यौं,
तर कुनै पनि गरिब-गुरूवा र दीन दुःखीहरू,
सम्मेलन यज्ञको रछ्यानसम्म पनि आएनन् ।

*यत्रो महापर्वमा*

दुना टपरी गाँसेर गाँउभरिको पर्व उतार्ने खत्रिनी आमै आइनन् ।
चिलाउनेका ठुटा र गुँएलोका हाँगा ताछेर,
हलो जुवा बनाउने बुढाथोकी साँइला पनि आएनन् ।
गेग्रान र चुलेत्रोपाखोमा कुटमिरो र अम्रिसो उमार्ने,
गर्मीको बाटोमा वर पीपल चौतारी र  पानीको धारो बनाउने,
घुमाउने घरे ठुल्दाजु पनि देखिएनन् ।
बाँसुरी, डोका, नांग्ला, डाला र थुन्से बनाउने,
चौंरीखर्कको ठूलोकान्छो पनि आएन ।
उपभोक्ताबन्न नसके पनि घरकै साँधको वनमा डढेलो निभाउने,
लाले दर्जीकी बाह्र वर्षे छोरी सानुमैया पनि आइन ।

*अरू त के कुरा*

सञ्च विसञ्च र रात दिन नभनी जसकहाँ पनि पुग्ने,
सानो झोलामा निमपत्ता, चिराइतो , घोरथाप्रेको जरा र गुराँसका फूल,
बिनाजडीका लहरा, सितु र चिलाउनेको बोका अनि,
हर्चुर र सिस्नुको जरा कहिल्यै नटुटाउने,
बिजुवा माइलोले त झन् पाइलै पो टेकेन ।
त्यति ठूलो घरमा त्यत्रो पर्व भयो,
तर घरमुलीबिना जन्तीमात्र वसेर विवाह सम्पन्न भयो ।

*यति हुँदा पनि मलाई खुशी लागेको छ*

किनकि यो वर्णशङ्करहरूको भेलाले गरिबको नाम मुखभरि जपेको छ ।

हामी त वर्णशङ्कर हौं साथी वर्णशङ्कर !
हामी, न आफ्नै अन्यायको कुरा आँखा जुधाएर बोल्न सक्छौं,
न न्यायका कुरा जिब्रो फड्कालेर भन्न सक्छौं,
न निस्फिक्री भएर गरिबको निम्ति,
कुनै एकदिन निःशुल्क सेवा दिन सक्छौं ।
हामी त श्वास श्वासमा व्यापारीकरणका कुरा गर्दै,
सिङ्गो जीवन र गर्भे बालकसमेत जागीरमा साटेर,
अझ कमैयामुक्तिको पो कुरा गर्छौं ।

*सम्भावनाका किरणहरू*
पाइलैपिच्छे गरिबहरूको बखान छ,
गौंडा गौंडामा सामन्ती सँस्कारको सत्ता छ,
कुना कन्दरामा समाजसेवीको मूल वीउ अझै सुरक्षित छ,
माटोको कण कण, पानीको थोपा थोपा,
हावाको झोंका झोंका र वनमाराको आँख्ला आँख्लामा अनन्त स्रोत छ ।
समस्या र चुनौतीहरू मेटल डिटेक्टरले खोजिरहनु पर्दैन,
सम्भावना र स्रोतहरू माइक्रोस्कोपको स्लाइडमा नियालिरहनु पर्दैन,
अहिले त सडकको बीच बीच र बाटाका चप्लेटी ढुङ्गा ढुङ्गामा,
अनि स्कुल र घरका भित्ता भित्तामा ,
गरिबमुखी नभए गाउँ नपस्नु भन्ने स्पष्ट र स्थायी उर्दी छ,
कहिले सर्कुलर आउला भनेर पर्खिरहनु पर्दैन ।
यसर्थ अहिले सम्भावाको सूर्य उदाएको छ,
केवल हामीले पुराना विचारहरूलाई रन्दा लगाउनु जरूरी छ ।

*अस्ताउँदै गरेको वर्तमान र उदीयमान भविश्य*
यो गोष्ठीको जङ्गलमा हामी स्यालको अवतार लिएर नाचिरहेछौं,
मध्य वाह्रबजेको घाममा मेशमा कुखुरा खाँदै,
भित्र सम्मेलनको गुफामा आएर कराउँछौं ।
एउटाले अगाडिबाट हाककक गर्छ,
अरू पछाडिबाट हु ककक गर्दै जात्रा मनाउँछौं ।
यो जात्रामा  प्रत्येक कुखुराको मृत्युसंगै हाम्रो पेटको डायमिटर बढिरहेको छ ।
लाग्छ, सानाहरूको मृत्यु नै ठूलाहरूको जीवनको अर्थ हो भने,
जब गरिबमुखी विकासको शंखघोषसंगै गरीवहरू बौरिन्छन्,
तब वर्णशङ्करहरू शिशिरको पत्कर भएर इतिहासको चपरीमुनी पुरिन्छन् ।
हामी वर्णशंकरहरू त आफ्नै सम्पन्नता स्तरीकरण गर्न पनि सक्दैनौं,
हो, यो सम्मेलन केन्द्रमा यदि मैले नै विपन्नको हात उठाइहालें भने पनि–
आज हाँसेर हात मिलाउने साथीहरू,
भोलि अफिस भिजिटमा जाँदा माग्ने आयो भनेर मुन्टो बटार्छन् ।
म झुक्किएर पनि जीविकोपार्जन टुट्ने यस्तो अलच्छिन निम्त्याउन चाहन्न ।

मैले धमिलो आँखामा गरिबीको चश्मा लगाएर यो राष्ट्रिय गोष्ठी हेरें ,
आकाश नीलो छ भन्दैथिएँ बादलका टाटाहरू पो देखें,
सेता परेवाहरू उडायौं भन्दैथिएँ गिद्धका भोका श्वरहरू पो सुनें,
गरिबमुखी विकास ताजा दर्शन हो भन्थे ¥ग्वेदमै लेखेको पो देखें,
तर जे भो, चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठी अत्यन्त सफल भो,
धमिलो आँखामा गरिबको चश्मा लगाएर हेर्दा अलिक टाटेपाङ्ग्रे देखियो,
यो पो अलिक अशुभ भो ।

(विर्ख क्षेत्री नम्समा कार्यरत हुनुहुन्छ ।)